# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिदिङ्वा गाउँपालिका
## ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## सिदिङ्वा गाउँपालिका

## ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

सिदिङ्वा गाउँपालिका

ताप्लेजुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन । अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
कोशी प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १२०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू,
सिदिङ्वा गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
ताप्लेजुङ ।

१. **कैफियत सहितको राय** - हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ८५ लाख २८ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.४७ लाख ६१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.२५ लाख ३६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड ७९ लाख २० हजार र नियमित गर्नुपर्ने रु.३३ लाख १० हजार बाँकी रहेको छ । यस गाउँपालिकाको गतवर्ष सम्म रु.४ करोड ९ लाख ३२ हजार बेरुजू बाँकी रहेकोमा यो बर्ष रु.३० लाख ६५ हजार संपरीक्षण भई हालसम्मको अद्यावधिक बेरुजू रु.७ करोड १६

लाख ३३ हजार रहेको छ । यस गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानुन वमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौ ।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(श्रीकुमार राई)

**नायब महालेखापरीक्षक**

सिदिङ्वा गाउँपालिका,

ताप्लेजुङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ५१ | १२८ | ३८५२७ | ० | ७ | ४७६१ | ५१ | १२१ | ३३७६६ | २५३६ | ३३१० | २७९२० | ० | ० | ३१२३० | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ताप्लेजुङ | ४०९३२ | ० | ३०६५ | ३७८६७ | ० | ३३७६६ | ७१६३३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **२०७९।८० (चालु वर्षको)** | | | |
| १ | २०७९।८० | २६ | वोयर बोका वितरण भरपाई पेश | ३६७०००.०० |
| २ | २०७९।८० | ३० | प्रमाण पेश | ४३७६७००.०० |
| ३ | २०७९।८० | ५७ | छुट भएको राजस्व दाखिला | १७२८०.०० |
| | चालु वर्षको जम्माः | | | **४७६०९८०.००** |
| | **गत विगत वर्षतर्फको** | | | |
| १ | २०७८।७९ | ७ | दाखिला गर्न वाँकी कर दाखिला | ४६४२१९.०० |
| २ | २०७८।७९ | ३२ | कर समायोजन पत्र पेश | ८४३८३.७५ |
| ३ | २०७८।७९ | ४२ | पाठ्यपुस्तक वढी अनुदान दिएको असूल | १७०३१८७.०० |
| ४ | २०७८।७९ | ४३ | स्यानीटरी प्याड वितरणको प्रमाण पेश | ८०८७५२.०० |
| ५ | २०७८।७९ | ५३ | पेश्की फस्यौंट | ४०००.०० |
| | गत विगतको जम्माः | | | **३०६४५४१.७५** |
| | कुल जम्माः | | | **७८२५५२१.७५** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

## १ सिदिङ्वा गाउँपालिकाको परिचय

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा रहेको छ भने क्षेत्रफल २०५.९९ वर्ग किलोमिटर तथा २०७८ को जनगणना अनुसार १०,९८१ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२० देखि २०८०।५।२६ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** पालिकाको आय- व्ययतर्फ रु.४७,१४,६६,३७५।६९ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.९९,५००। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | अ.स.ई.श्री कुशल खतिवडाको नाममा रहेको पेश्की फछ्र्यौट गरी बाँकी रकम दाखिला | ९९५००.०० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.४ करोड ९१ लाख ९१ हजार, यस वर्षको प्राप्ति रु.२ करोड ७८ लाख १ हजार, यस वर्षको भुक्तानी रु.७ करोड २१ लाख ६६ हजार र बैङ्क मौज्दात रु.४८ लाख २६ हजार फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ती | यस वर्षको भुक्तानी | वैंक मौज्दात |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७६०१४२११.५८ | ४१८७७४७६४.८३ | ४२७०१२५९७.७४ | ६७७७६३७८.६७ |
| एकीकृत आर्थिक विवरणअनुसार | १२५२०५२९६.७४ | ४४६५७५८३१.५३ | ४९९१७८१६९.३७ | ७२६०२९५८.९० |
| फरक | ४९१९१०८५.१६ | २७८०१०६६.७० | ७२१६५५७१.६३ | ४८२६५८०.२३ |

सैद्धान्तिक बेरुजु

२.३ **फरक जिम्मेवारी -** स्थानीय तहको संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ। तर पालिकाले गत वर्षको लेखा परिक्षण प्रतिवेदन अनुसार आर्थिक वर्षको अन्त्यमा रु.१२ करोड २९ लाख ७५ हजार मौज्दात भएकोमा यो वर्षको प्राप्ती तथा भुक्तानी हिसाबमा रु.७ करोड ६० लाख १४ हजार जिम्मेवारी सारेको देखियो । जस अनुसार शसर्त अनुदान फिर्ता गर्न बाँकी फिर्ता गरेको रु.४ करोड ६१ लाख १४ हजार, कर दाखिला गर्न वाँकी दाखिला भएको रु.४ लाख ६४ हजार, निवृत्तिभरण कोष र विमा कोषमा दाखिला गर्न वाँकी क्रमशः रु.१ लाख ४५ हजार र रु.५४ हजार तथा बिबिध कोषबाट भुक्तानी दिन बाँकी भुक्तानी दिएको रु.१ लाख ७४ हजार समेत रु.४ करोड ६९ लाख ५१ हजार र गत बर्षको जिम्मेवारी सारेको रु.७ करोड ६० लाख १४ हजार गरी हुने जम्मा रु.१२ करोड २९ लाख ६५ हजार मात्र देखिएकोले लेखापरीक्षण प्रतिवदेनमा उल्लेख भएको मौज्दात भन्दा रु.९५१४।७८ घटी जिम्मेवारी सारेको सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्ने देखिएको रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५१४ |

२.४ **वित्तिय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.४ करोड ५७ लाख ६५ हजार र गरिवसंग विश्वेश्वर कार्यक्रमको रु.६ लाख १० हजार गरी रु.४ करोड ६३ लाख ७५ हजार सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२.५ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान

विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात फरक देखिएको छ । पालिकाको देहाय बमोजिम श्रेस्ता अनुसार आषाढ मसान्तको बैक मौज्दात रु.६ करोड ७७ लाख ७६ हजार देखिएकोमा सो अवधिमा बैक अनुसार बैक मौज्दात रु.७ करोड २६ लाख ३ हजार देखिएकोले श्रेस्ता भन्दा बैक बढी देखिएको रु.४९ लाख ४ हजारका सम्बन्धमा बैक हिसाव मिलान विवरण (म.ले.प.फा.न. २१२ ) तयार गरी बढी देखिएको रकम एकिन गरी आम्दानी बाँधिनु पर्दछ । त्यस्तै विविध खर्च खातामा श्रेष्ता भन्दा बैंक घटी देखिएको रु.३९०१९।७५ को सम्वन्धमा छानविन गरी यकिन प्रमाण पेश गर्नुपर्ने रु...

| खातावालाको नाम | श्रेष्ता अनुसार बाँकी | वैंक स्टेटमेन्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|
| चालु खर्च खाता | ०.०० | ०.०० | ०.०० |
| पूँजीगत खर्च खाता | ०.०० | ०.०० | ०.०० |
| स्थानीय तह धरौटी खाता | ३२२५९२२.५५ | ४९६४८७८.९३ | १७३८९५६.३८ |
| स्थानीय तह सञ्चितकोष खाता | ६३३५५९४६.१२ | ६३५३७६१४.४२ | १८१६६८.३० |
| विविध खर्च खाता | ११९४५१०.०० | ११५५४९०.२५ | ३९०१९.७५ |
| प्रकोप व्यवस्थापन कोष खाता | ०.०० | ११८६७७९.०१ | ११८६७७९.०१ |
| राजश्व बाँडफाँट खाता | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक राजस्व खाता | ०.०० | ०.०० | ०.०० |
| आन्तरिक अनुदान खाता | ०.०० | ०.०० | ०.०० |
| विभाज्य कोष खाता | ०.०० | ५००००.०० | ५००००.०० |
| कर्मचारी कल्याण कोष खाता | ०.०० | २०००००.०० | २०००००.०० |
| मर्मत सम्भार कोष खाता | ०.०० | १५०८१९६.२९ | १५०८१९६.२९ |
| जम्माः | ६७७७६३७८.६७ | ७२६०२९५८.९० | ४९०४६१९.७३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३९,०२० |

३ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

· गाउँपालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोबारको अनुसूची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत

आन्तरिकीकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको, सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने मा तयार नगरेको, गाउँपालिकाले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा विगत ३ बर्ष पहिलेका अभिलेख सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको, गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार नगरेको, विद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नरहेको, कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प. फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरुजु व्यवस्थापन सम्बन्धी फारामहरू अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम गाउँपालिकामा जिम्मेवारी सारेको र नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा लेखापरीक्षणाको क्रममा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **सेवा प्रवाह** - कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवा ग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ जन्म मृत्यु दर्ता ८७३, नागरिक्ता सिफारिस ३०३, घरवाटो सिफारिस ५० र नाता प्रमाणित १६५ र अन्य सिफारिस १४८९ को सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन** - पालिकाले वार्षिक रुपमा लिएका नीति तथा घोषित कार्यक्रमहरु सोही आर्थर्क वर्षमा कार्यान्वयन हुनु पर्दछ । आ व २०७९।०८० को लागि यस पालिकाको स्थानीय सभावाट पारित भएको नीति तथा कार्यक्रम मध्ये धेरैजसो कार्यान्वयनमा आएता पनि वेरुजु रहित पालका वनाउने, सडक गुरु योजना निर्माण, सामुहिक खेतीलाई प्राथमिकता, कृषि तथा भेटेनरी गुरु योजना निर्माण, अल्लो प्रशोधन गरी धागो निर्यात गर्ने, कृषि उपज चिस्यान केन्द्र स्थापना, बर्खे र असारे विकासको अन्त्य गर्ने, ठेक्का प्रकृयाको सञ्चालनका लागि आवश्यक नीति निर्माण, स्थानीय पाठ्यक्रम तथा शिक्षा योजना निर्माण, सडकको राइट अफ वे को संरक्षण, फोहोरमैला व्यवस्थापन प्रभावकारी कदम चाल्ने, टोल विकास समितिको परिचालन, करको संकलनमा घरघरमै असूली गर्ने अभियान सञ्चालन गरिने लगायतका नीति

तथा कार्यक्रमको कार्यान्वयन पक्ष कमजोर देखिएकोले कार्यान्वयन गर्न सकिने नीति तथा कार्यक्रमको घोषणा र कार्यान्वयनमा पालिकाको ध्यानाकर्षण हुनु पर्ने दखियो ।

सैद्धान्तिक बेरुजु

६ **बजेट तथा सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनि २०७९।२।३० मा मात्र विषयगत शाखा तथा वडा समितिलाई सो अनुसार सिमा निर्धारण गरेको पाईयो। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **क्षेत्रगत वजेट खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २२४९००००.०० | १७१६८९८३.८६ | ४.५५ |
| २ | पूर्वाधार विकास | १७३८६९५९४.६३ | १२१४४५३९३.०० | ३२.१८ |
| ३ | सामाजिक विकास | १४४८७८७४०.०० | १२४६३१४००.१६ | ३३.०३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १६०३४१६०.०० | ११८१२४६१.७१ | ३.१४ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १३७३८२७३५.०० | १०२२८३३२६.७५ | २७.१० |
| | **जम्माः** | **४९४६५५२२९.६३** | **३७७३४१५६५.४८** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ३३.०३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा सबै भन्दा घटी ३.१४ प्रतिशत खर्च भएको देखियो ।

सैद्धान्तिक बेरुजु

८ **खर्चको विश्लेषण** - पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२७६८३०६।५० राजस्व बाँडफाँड र अनुदानबाट रु.३९२३५७४९२।७३ समेत रु.३९५१२५७९९।२३ आम्दानी भएकोमा चालु तर्फ रु.२४५५२१८१७।१० र पूँजिगत तर्फ रु.१३१८१९७४८।३८ समेत रु.३७७३४१५६५।४८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७३ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.५८८९६६६। खर्च भएको छ जुन आन्तरिक आयको २१२.७५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६२.१३ प्रतशित चालु र ३७.८७ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको तथा आयोजना बैक समेत तय गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **वजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।८० मा रु ४६ करोड ०६ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **जिन्सी निरिक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस

वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **जिन्सी लेखाङ्कन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा माल समान तथा उपकरण प्रविष्ठी गरेतापनि पालिको स्वामित्वमा रहेका जग्गाको विवरण PAMS मा समवेश गरेको पाइएन ।पालिकाको नाममा रहेका सवै जग्गा भवनको विवरण अनिवार्य रुपमा PAMS मा समावेश गरि जिन्सी प्रतिवेदन गर्नुपर्दछ।

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था भए अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका र चालु हालतमा नभएका सामानहरु समेत देखिएकोले तोकिएको समय भित्र मर्मत गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **जिन्सी दाखिला -** कार्यालय प्रयोजनको लागि खरिद गरिएका समानहरु तोकिएको समयमा कार्यालयमा दाखिलागरि जिन्सी खातामा आम्दानी जनाउनु पर्दछ ।कार्यालयले प्रधानमन्त्री रोजगार कार्यक्रमवाट २०८० आषाढमा खरिद गरेका रु.३,००,६३२.१६ मूल्यका कार्यक्रम सञ्चालन सामग्री डिजिटल क्यामरा, ल्यापटप, फोटोकपी मेशिन, मोवाईल, पावर बैंक लेखापरइक्षण अवधिमा व्यहोरा औंल्याएपछि मात्र २०८०।५।२५ मा दाखिला दाखिला गरेको छ । यसरी खरिद गरिएका समान समयमै दाखिला नगर्ने कर्मचारीलाई जिम्वेवार वनाई कार्यालयमा प्राप्त हने जिन्सी समयै दाखिलाको व्यवस्था हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१४ **सम्पत्तिको प्राप्ति, उपयोग र संरक्षण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो पालिका र मातहतका कार्यालयमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्दा देखिएको व्यहोरा निम्न छन् ।

| सम्पत्ति | प्राप्त मिति | संख्या | खरिद/प्राप्ति मूल्य | कैफियत |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | पेश नभएको | पेश नभएको | पेश नभएको | पेश नभएको |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न | १७ | १२३११ | १४ मोसा |
| उपकरण (रु.१ लाखभन्दा बढी) | विभिन्न | २ | २३४ | क्यामरा |
| बेचल्तीमा रहेको प्रमुख उपकरण तथा सवारी साधन | विभिन्न | २ | नखुल्ने | क्यामरा र मोसा |
| अतिक्रमणमा परेको जग्गा | विभिन्न | नभएको | नभएको | मौखिक |
| अतिक्रमण हटाउन गरेको प्रयास | विभिन्न | नभएको | नभएको | मौखिक |

पालिकाले मोटस साईकल, डिजिटल क्यामरा, जेसिवि, प्रिन्टर, टेवुल लगायतका माल समानको उचित मर्मत सभार गरि प्रयोगमा नल्याएको र कम्प्युटर फर्निचर लगायतका समान खरिद गरि रहेको समेत देखिएकोले कार्यालयले आवस्यकता र मितव्ययीतालाई प्राथमिकतामा राखेको देखिएन ।यस तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **लक्ष्य प्रगति** - कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | १५७ | ८ | १ | २ | १४६ |

सैद्धान्तिक बेरुजु

१६ **वार्षिक खरिद/गुरु योजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा

बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु १३ करोड १८लाख २० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **योजनाको प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ७ वडाको लागि वडागत र पालिकास्तरका कुल १०२ योजनामा वजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ५३ | ७ | ३५ | ११ |
| २. | वडास्तरीय | ४९ | ० | ० | ४९ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ९४ योजनामात्र कार्यान्वयन भई ८ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा श्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **वजेट अवण्डा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१ करोड ५९लाख ०६हजार अबण्डा बजेट व्यवस्था गरी ४ योजनामा रु. २२ लाख १२ हजारखर्च गरेको छ। सुरु बजेटमा अबण्डामा राखी पुन विशेष अधिवेशनवाट आयोजना चयन गरि बजेट बाँडफाँड गर्ने र कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट सभा तथा पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन्:

| क्र सं | योजनाको नाम | बजेट | आयोजना संख्या | खर्च |
|---|---|---|---|---|
| ३९ | गाँउपालिका कार्यालय तथा शाखा,अध्यक्ष,उपाध्यक्ष,न्यायिक समिति सचिवालय व्यवस्थापन | ३५०० | रकमान्तर | ५०० |
| ४१ | गाँउपालिकाको विभिन्न योजना तथा कार्यक्रमको साझेदारी अनुदान | १२४०६ | ३आयोजनामा अवण्डावाट र अरुवाँकी हिउँदे सभावाट कार्यक्रम छुट्याएको | १७१२ |
| | **जम्मा** | **१५९०६** | | **२२१२** |

सैद्धान्तिक बेरुजु

२१ **तलवी प्रतिवेदन** - निजामती सेवा ऐन, २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ७

कर्मचारीको रु.५३५५१६८। र पालिकाका १७ कर्मचारीको रु.१०५५३५६९।०० समेत रु.१५९०८७३७।०० खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२२ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार विविध संघिय कार्यक्रम बाहेक पालिका कार्यालयमा कृषि पशु तथा स्वास्थ्यका २ समेत प्रमुख प्रशासकीय अधिकृत सहित ४४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १८ दरवन्दी स्थायी पदपूर्ती भएको देखिन्छ । हाल २३ कर्मचारी करार सेवामा नियुक्त गरि ४१ कर्मचारीवाट पालिका सन्चालन गरेको देखियो । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासन अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहितका पदहरु रिक्त रहेको र करारमा कर्मचारी नियुक्त गरि काम लगाउने, समयमा कर्मचारी माग नगर्ने प्रवृति मौलाएको देखिएकोले रिक्त पदहरु यथाशक्य छिटो प्रदेश लोकसेवा आयोगमार्फत स्थायी पदपूर्ती हुने व्यवस्थागरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

२३ **नामनामेसी नखुलेको धरौटी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७को नियम ६८(घ) अनुसार कस्ले के वापत धरौटी राखेको हो भन्ने कुरा स्पष्ट नभई बैंक खातामा मौज्दात रहेको रकम कार्यालयले राजश्व खातामा आम्दानी बाध्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले पेश गरेको आ.व ०७९।०८० को श्रेस्ता अनुसारको धरौटीको मौज्दात रु.३२,२५,९२२.५५ रहेकोमा बैंक विवरण अनुसार रु.४९,६४,८७८।९३ भई बैंकमा रु.१७,३८,९५६.३८ बढी देखियो । पालिकाले बैयक्तिक धरौटी खाता अध्यावधिक नगरेको र लेखापरीक्षण अवधि २०८०।५।२४ सम्म रु.१४,५८,६९२.५८ एकिन गरि आम्दानी जनाएता पनि अझै रु.२,८०,२६३.८० को विवरण एकिन गरि आम्दानी बाँधेको नदेखिएकोले उक्त रकम एकिन गरि आम्दानी बाँध्ने अन्यथा नियमावलीको व्यवस्था अनुसार सदर स्याहा गरि सम्वन्धित संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्ने रु......

| प्रमाण पेश नगरेको | २,८०,२६४ |
|---|---|

२४ **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस पालिकाले यस वर्षको आर्थिक

कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। लेखापरीक्षणको क्रममा कर्मचारीको अभावमा उक्त कार्य हुन नसकेको जानकारी गराएता त्यसको प्राप्ती र उपयोगमा कार्यालयले उल्लेखनिय प्रयास गरेको देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम आन्तरिक लेखापरीक्षण शाखा तथा कर्मचारीको व्यवस्थापन गरि आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(३) मा कार्यालयले सम्झौताको शर्त अनुसार दिईने पेश्की र भ्रमणको निमित्त दिईने पेश्की बाहेक चालु आर्थिक बर्षको अन्त्य सम्ममा फस्यौट हुन नसक्ने पेश्की दिन हुदैन भन्ने व्यवस्था छ। पालिकामा चालु आर्थिक बर्षको अन्त्यसम्म फस्यौट हुन नसक्ने मोविलाईजेशन पेश्की, कर्मचारी तथा पदाधिकारीले लिएको पेश्की फस्यौट हुन बाँकी देखिएकोमा सार्वजनिक खरिद नियमावलीको नियम ११३(५) बमोजिम रनिङ बिल बाट कट्टा गरी तोकेको अवधिभित्र मोविलाईजेशन पेश्की फस्यौट गर्नु पर्ने र मोबिलाईजेशन पेश्की वाहेक अन्य पेश्कीको हकमा वर्षको अन्त्य सम्म फस्यौट हुन नसक्ने पेश्की दिईएकोले नियम विपरित पेस्की फस्यौट गर्न पर्ने रु...

| सि. नं. | पेश्की लिने व्यक्ति वा फर्मको नाम | विवरण | रकम | समय अवधि |
|---|---|---|---|---|
| १ | पपया कन्स्ट्रक्सन प्रा. लि . | तावानागि देखि तिम्बुक पोखरी सम्मको पर्यटकिय पदमार्ग | ७५८०००। | म्याद नाघेको |
| २ | सुशिल प्रधान | विविध कार्यक्रम | १५०००। | म्याद नाघेको |
| ३ | हरिलाल हिङमाङ | विविध कार्यक्रम | १५०००। | म्याद नाघेको |
| ४ | राजकुमार चौधरी | मातृ तथा नवजात शिशु कार्यक्रम | ४८०००। | म्याद नाघेको |
| ५ | मान बहादुर राई | विविध कार्यक्रम | ११०००० | म्याद नाघेको |
| ६ | बिकास थेबे | कृषि सुचना निर्माण एवं व्यवस्थापन कार्यक्रम | ७०००००। | म्याद नाघेको |
| ७ | मङ्गल बहादुर मेन्याङ्बो | विविध खर्च | ८००००। | म्याद नाघेको |
| | | **जम्माः** | १७२६०००। | |

| अनियमित भएको | १७,२६,००० |
|---|---|

२६ **बुझाएको भरपाई**

*✂ ...........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.३६७००० ।- सम्परीक्षण गरिएको ।)*

२७ **औषधि व्यवस्थापन** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निःशुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि पालिका चालु गो भौ नं १९९, २१९ र २२० बाट रु १८९६०२८।०० को औषधि सोझै खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अतः पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२८ **जडान प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) ख मा सार्वजनिक खरिद कार्यको भुक्तानी गर्दा प्राविधिक नापजाँच तथा वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ।पालिकाले सुन्तोले खोले खोला लघु जलबिधुत परियोजनाको ट्रान्सफरमर मर्मत खर्च रु १८३८२२।७५ भुक्तानी भएकोमा प्राविधिक मूल्यांकन एवं कार्यसम्पन्न प्रतिवेदन पेश नभएको रु..

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८३,८२२.७५ |

२९ **मूल्य अभिबृद्धि कर** - मूल्य अभिवृद्धि कर नियमावली , २०५३ को नियम ६ (ग) अनुसार मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशतले हुने रकम रु १०३०५४।०० कट्टा गरी राजश्व दाखिला गर्नुपर्नेमा नगरी फर्मलाई नै भुक्तानी दिएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गर्नु पर्ने रु..

| गो भौ नं | भुक्तानी पाउनेको नाम | कामको विवरण | भुक्तानी रकम | मू अ कर रकम | ३० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १३२।०७९।१०।२९ | आर्किटेक्चर व्युरो प्रा लि | भू उपयोग योजना | १९६०१७० | २२८५४० | ६८५६२।०० |
| ६६।०७९।७।२२ | नमस्ते तयारी पोशाक उद्योग विर्तामोड | विद्यालय पोशाक | ९९९३७५।३९ | ११४९७२ | ३४४९२।०० |
| | **जम्मा** | | | | **१०३०५४।००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०३,०५४ |

३० **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

*........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.४३७६७००।- सम्परीक्षण गरिएको ।)*

३१ **प्रतिवेदन पेश** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ मा सार्वजनिक निकायले बीस लाख रुपयाभन्दा कम रकमको परामर्श सेवा मौजुदा सूचीमा रहेका परामर्शदाताबाट लिखित रुपमा प्राबिधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने व्यवस्था गरेको छ । त्यस्तै सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने अवस्थामा कुनै व्यक्ति फर्म वा कम्पनीबाट परापर्श सेवा खरिद गर्न सक्ने प्रावधान छ। पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धि परामर्श सेवा इन्टेन्सीभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा ली संग खरिद गरी रु.४८४७७०। भुक्तानी गरेको छ । यस्ता कार्यहरु पालिकाले आफ्नो आन्तरिक जनशक्तिबाट सम्पादन गर्नुपर्नेमा बाह्य परामर्शदाताबाट गराएको न्यायोचित देखिदैन । छलफलको क्रममा पालिकाले आफुसँग त्यस खालको दक्ष जनशक्ति नभएकोले परामर्श सेवा लिनु परेको भनाइ रहेको छ । साथै लेखापरीक्षण अवधिसम्म पनि संगठन तथा व्यवस्थापन सर्वेक्षणको अन्तिम प्रतिवेदन पेश गरेको नदेखिएको र प्रतिवेदन प्राप्त नहुदै सम्झौताको सम्पूर्ण रकम भुक्तानी गर्नु नियम संगत देखिदैन । अतः सम्झौता अनुसार प्रतिवेदन प्राप्तगरी जिन्सी आम्दानी गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८४,७७० |

३२ **घर भाडा** - पालिकाले यस वर्ष बिभिन्न शाखा कार्यालय, स्टोर तथा आवास प्रयोजनका लागि बिभिन्न स्थानको घर भाडा वापत वार्षिक रु ८९५०८०।०० खर्च भुक्तानी गरेको छ । पालिकाले आफ्नो आन्तरिक श्रोतलाई मध्यनजर गरी उपभोग तथा प्रशासनिक खर्चमा मितव्ययी हुन यस प्रकारका खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३३ **प्रमाण पेश** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्सबाट मु.अ.कर रु ३१ ९०६९।७१ समेत रु २७७३४५२।२१ कार्यालय तथा मसलन्द सम्बन्धी सामान खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्सहरुको कर बिजकमा केरमेट तथा नन फाइलर देखिएकोले भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु...

| गो भौ नं | भुक्तानी पाउनेको नाम | कर बिजकको अवस्था | भुक्तानी रकम | मू अ कर रकम |
|---|---|---|---|---|
| २।०७९।४।१६ | प्रसिद्ध पाथिभरा ट्रेड एण्ड सप्लायर्स फुडलिङ | विजक नम्बर केरमेट | ३९२१६९।२१ | ४५११६।८० |
| ४।०७९।४।१६ | पाथिभरा होम मार्केट विर्तामोड | नन फाइलर | २३८१२८३। | २७३९५२।९१ |
| | **जम्मा** | | | **३१९०६९।७१** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,१९,०६९.७१ |

३४ **कार्यक्रममा दोहोरोपन** - पालिकाले कक्षा १ देखि ५ सम्मका सामुदायिक विद्यालयमा अध्ययनरत सबै विद्यार्थिहरुलाई न्यानो पोशाक अन्तर्गत ट्र्याक सुट वितरण गर्न पालिकाको गो भौ नं ६६।०७९।७।२२ बाट दुइ सप्लायर्सबाट रु १५८८७५०।०० को १५५० सेट खरिद गरेको देखिन्छ । पालिका वडागत कार्यक्रम तर्फ वडा नं १ ले जलपा आधारभुत विद्यालय कालिखोलालाई न्यानो कपडा वितरण कार्यक्रमका लागि ज्याकेट ट्राउजर र टिसर्ट खरिद वापत गो भौ नं १७९।०८०।१।७ बाट रु १६५००३।०० भुक्तानी गरेको छ । पालिकाले सबै विधार्थिहरुलाई न्यानो कपडा वितरण गरिसकेको सन्दर्भमा वडाबाट पूनः दोहोरो हुने गरी उस्तै प्रकृतिको कार्यक्रम सञ्चालन गर्नु आर्थिक हिसाबले मितव्ययि भएको देखिएन । अतः पालिकाले एउटै प्रकृतिका काममा दोहोरोपन नआउने गरी कार्यक्रम निर्धारण गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३५ **प्रधानमन्त्री रोजगार कार्यक्रम** – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा १८ योजना सञ्चालन गरी यस वर्ष ७८ जनालाई औसत १०० दिनले ७८०० दिन रोजगारी उपलव्ध गराई रु.४५००६००। भक्तानी गरेको छ । पालिकाले सभावाट कार्यक्रम स्वीकृत गरि कार्यान्वयनमा ल्याएको छ । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्ने तर्फ पालिका सजग हुनु पर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **लघु उद्यम विकास कार्यक्रम** - गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन। सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थित अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३७ **विद्यालयको सिकाई अनुदान** - शिक्षा तथा मानब स्रोत विकास केन्द्र द्वारा प्रकासित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को कृयाकलाप न २.७.१३.५० मा विद्यार्थीको सिकाई सामाग्री तथा डिजिटल

सिकाई सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान दिँदा विद्यालयवाट भरिएको IEMIS प्रतिवेदनमा उल्लेखित विद्यार्थीको तथ्याङ्कलाइ सत्यापन गराइ यथार्थ तथ्याङ्कको‌आधारमा स्थानीय तहले विद्यालयलाई अनुदान दिनुपर्दछ। यस पालिका अन्तर्गतको भञ्याङ माद्यमिक विद्यालय अनुदान निकासा गर्दा विद्यालयले उपलब्ध गराएको IEMIS अनुसारको विद्यार्थी संख्या र सत्यापन फाराममा उल्लेख गरेको विद्यार्थीको संख्या फरक तथा IEMIS मा बढी विद्यार्थी संख्या देखाई अनुदान रकम निकासा भएको देखिएकोले विद्यार्थीको वास्तविक विद्यार्थी एकिन हुन सकेन। अतः वास्तविक विद्यार्थी संख्या एकिन गरी खर्चलाई पुष्टि गर्ने आधार पेश गर्नु पर्ने अन्यथा असूल गर्नु पर्ने रु.

| शिर्षक | IEMIS अनुसार विद्यार्थी संख्या | सत्यापन गरेको तथ्याङ्क अनुसार संख्या | दर रकम | IEMIS अनुसार भुक्तानी | सत्यापन तथ्याङ अनुसार भुक्तानी | फरक |
|---|---|---|---|---|---|---|
| १- ५ वुक कर्नर | १२२ | ६० | १५० | १८३०० | ९००० | ९३०० |
| सिकाई सामाग्री व्यवस्थापन ६- ८ | ११० | २०० | २२००० | ७५ | १५००० | ७००० |
| सिकाई सामाग्री व्यवस्थापन ९- १० | १२१ | २०० | २४२०० | ११९ | २३८०० | ४०० |
| सिकाई सामाग्री व्यवस्थापन ११- १२ | १२६ | २५० | ३१५०० | ८३ | २०७५० | १०७५० |
| | | | | | जम्मा | २७४५० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,४५० |

३८ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम -** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.४४५ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. ११००००००।- रकम निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैन। तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र सं | विद्यालयको नाम | निकासा प्रयोजन | निकासा रु. |
|---|---|---|---|
| १ | जलेश्वरी आधारभुत विद्यालय | २ कोठे भवन निर्माण | २७५००००.०० |
| २ | सिंहदेवी आधारभुत विद्यालय | २ कोठे भवन निर्माण | २७५०००.०० |
| ३ | सरस्वती मा. वि . | २ कोठे भवन निर्माण | ५५०००००.०० |
| | | जम्मा रु . | ११००००००.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१०,००,००० |

३९ **सेनिटरी प्याड खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने उल्लेख छ। पालिकाले पाँचथर सप्लायर्य फिदिम १ (भ्याट नम्वर ६०००८०६८४) वील नं. ३१ मिति २०८०।०३।२४ को विलवाट १०४२५ थान सेनिटरी प्याड प्रतिइकाई रु. ६८ भ्याट वाहेकको दरले रु. ७०८९०० र भ्याट रकम रु. ९२१५७। गरी जम्मा रु. ८०१०५७। मा खरिद गरेको देखियो। तर उक्त फर्म सँग भएको खरिद सम्झौतामा प्रतिगोटा मु.अ.कर सहितको मूल्य रु.६८ रहेकोमा पुनः मु.अ.कर थप गरी भुक्तानी भएको देखिन्छ। यसरी सम्झौता विपरीत प्रतिगोटा रु.८.८४ ले १०४२५ थानको वढी भुक्तानी भएको रु. ९२१५७। असूल गरी दाखिला गर्नु पर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,१५७ |

४० **शिक्षकको पारिश्रमिक -** शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को वुँदा नं. २(क) अनुसार शिक्षकको पारिश्रमिक निकासा गर्दा राष्ट्रिय किताबखाना(शिक्षक) बाट तोकिएको ढाँचामा तयार पारिएको स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत राष्ट्रिय कितावखानावाट पारित गराई सो को आधारमा र विद्यालयको माग फारम विच भिडान गराई अनुदान निकासा दिने व्यवस्था रहेको छ। यस गाउँपालिका अन्तर्गतको श्री सरस्वती माद्यमिक विद्यालय सिदिङ्वा ४ ताप्लेजुङमा कार्यरत शिक्षक शीला इजम प्रा.वि. तृतीय राहत, तलव स्केल रु. ३२९०२। मिती २०७९।६।१ मा राजिनामा स्वीकृत भएको देखिएकोमा प्रथम त्रैमासिकमा तलब चाडपर्व भत्ता तथा अघिल्लो महिनाको छुट रकम रु. ४६३३१। सहित जम्मा रु. १८३९३९। निजको खातामा भुक्तानी भएको देखिन्छ। दुई महिनाको मात्र पारिश्रमिक रकम भुक्तानी हुनुपर्नेमा चाडपर्व सहित वढी भुक्तानी रकम असूल गरी दाखिला गर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६७,८०४ |

४१ **चाडपर्व खर्च -** शिक्षा तथा मानव स्रोत विकास केन्द्र द्वारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को वुँदा नं. २(क) अनुसार शिक्षकको पारिश्रमिक निकासा गर्दा राष्ट्रिय किताबखाना(शिक्षक) बाट तोकिएको ढाँचामा तयार पारिएको स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत राष्ट्रिय कितावखानावाट पारित गराई सो को आधारमा र विद्यालयको माग फारम विच भिडान गराई अनुदान निकासा दिने व्यवस्था रहेको छ। यस गाउँपालिका अन्तर्गतको श्री निलगिरी मा.वि. सिदिङ्वा ६ मेहेलेमा मिति २०७९।४।१८ मा.वि. तृतीय करारमा नियुक्त लक्ष्मी प्रसाद शाह तलब स्केल( महङ्गी भत्ता सहित) रु. ४५६८९। ले प्रथम त्रैमाशिकमा रु. १११७६।५६ मात्र पारिश्रमिक रकम पाउनु पर्नेमा नियुक्त भएको मिति भन्दा ३ दिनको वढी साथै पर्व खर्च सहित रु. १५९४३४ । प्राप्त गरेको देखियो। कार्यक्रम कार्यन्वयन पुस्तिका २०७९।८० को वुँदा नं. १.२ को (६) मा करारमा कार्यरत शिक्षकले चाडपर्व खर्च प्राप्त गर्ने सम्वन्धमा कम्तिमा ६ महिना सेवा गरेका कर्मचारीहरुलाई

सालवसाली रुपमा एक महिना वरावरको आधारभुत पारिश्रमिक वरावरको चाडपर्व खर्च उपलब्ध गराउने व्यवस्था छ। अतः वढि भुक्तानि भएको रकम र चाडपर्व खर्च असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,२५८ |

४२ **निशुःल्क पाठ्यपुस्तक -** शिक्षा तथा मानब स्रोत विकास केन्द्रवाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०७९।८० को वँदा नं २.८.३. मा सार्जजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान अन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक वितरण गर्दा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तहले यथार्थ तथ्याङ्क सँग सत्यापन गराई विवरण शिक्षा अधिकृतवाट प्रमाणित गराई सोका आधारमा आवश्यक कक्षागत पुस्तक तथा विषयगत पाठ्यपुस्तहको सङ्ख्या यकिन गरी अनुदान रकम दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले भन्ज्याङ माद्यमिक विद्यालयलाई पाठ्यपुस्तक वापतको रकम निकासा गर्दा IEMIS मा आधारित विद्यार्थी संख्याको आधारमा भुक्तानी गरेको भए तापनी सत्यापन फारम मार्फत प्राप्त विद्यार्थी सँख्या र IEMIS राखिएको विद्यार्थीको संख्यामा एक रुपता नभएकोले वास्तविक विद्यार्थी संख्या एकिन हुन सकेन। अतः वास्तविक विद्यार्थी संख्या एकिन गरी खर्चलाई पुष्टि गर्ने आधार पेश गर्नु पर्ने अन्यथा असूल गर्नु पर्ने रु.

(यस सँग सम्वन्धित विवरण अनुसूची-४ मा रहेको छ)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,४५७ |

**(विस्तृत विवरण बेरूजु दफा ४२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४३ **संस्थागत विद्यालयको अनुगमन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत सामुदायक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि व्यवस्था गरेको छ। पालिकाबाट अनुमति लिइ सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको व्यवस्थापन र अनुगमन सम्बन्धमा मापदण्ड निर्धारण गरेको छैन। निजी विद्यालयको शुल्क निर्धारण तोकिए बमोजिम गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने गरेको देखिएन। पालिकाले आफु मादहत सञ्चालित सामुदायिक तथा संस्थागत विधालयको नियमित अनुगमन तथा सुपरीवेक्षण गरी शैक्षिक गुणस्तर बृद्धिमा ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **सेनिटरी प्याड खरिद -** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ११२४ जना रहेका छन। पालिकाले पाँचथर सप्लायर्य भ्याट नम्वर (६०००८०६८४) बाट १०४२५ थान स्यानिटरी प्याड रु.८०१०५७।(मु.अ.कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार

मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरुको गुणस्तर परीक्षण नभएको, गत वर्षको बाँकी मौज्दात नखुलेको साथै भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४५ **शिक्षकको दरबन्दी र पदपुर्ती -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३९ वटा सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | विद्यालय संख्या ३९ वटा | १६६ | १६४ | ६४ | ३२१३ |

सैद्धान्तिक बेरुजु

४६ **दरबन्दी बाहिरको शिक्षक तलव -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने र राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनमा संघीय विभाज्यकोषबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण रकमको उपयोग गर्दा सो रकमबाट विनियोजन अध्ययन भ्रमण, वैदेशिक भ्रमण र अन्य प्रशासनिक एवं सञ्चालन आदिमा विनियोजन गरी खर्च गर्न नपाईने व्यवस्था छ ।गाउँपालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई यस वर्ष वित्तीय समानीकरण अनुदानबाट रु ७२१३५७।०० ३ वटा बिद्यालयको शिक्षकको तलब भत्ता भुक्तानी गरेको छ । उल्लेखित ऐन तथा मार्गदर्शन विपरीत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई तलब भत्ता वित्तीय समानीकरणबाट दिएकोलाई नियमसंगत भन्न सकिएन ।

सैद्धान्तिक बेरुजु

४७ **भाषा शिक्षक -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका र नगरपालिकाको काम कर्तव्यको बारेमा उल्लेख गरिएको छ । जस अन्तर्गत आधारभुत र माध्यमिक विद्यालय सञ्चालन व्यवस्थापनको जिम्मेवारी पालिकालाई दिइएको छ । पालिकाले स्थानिय मातृ भाषाको संरक्षण र सम्बर्द्धन गर्नका लागि पालिका अन्तर्गतका १३ सामुदायिक विद्यालयहरुमा लिम्बु (आनिपान) भाषाको पढाई गर्न भाषा शिक्षक नियुक्ति गरी गत वर्षको भुक्तानी दिन बाकिं समेतगरी वित्तिय सामानीकरण चालुको गो भौ नं ५४ र २५४ बाट रु १३७५८३३।०० विद्यालयहरुलाई अनुदान भुक्तानी गरेको देखिन्छ । पालिकाले आफ्नो आन्तरिक श्रोतलाई मध्यनजर गर्दै स्थानिय मातृ भाषाको पाठ्यक्रम गाउँ सभाबाट स्वीकृत गरी कार्यविधि सहित कार्यान्वयन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **नर्सरी स्थापना** - कृषि तथा पशुजन्य बस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर पालिकाले बार्षिक कार्यक्रम अनुसार यो आर्थिक बर्षमा ४-४-४-०क्षेत्रफलको जग्गा १० बर्षकोलागि भाडामा लिई नर्सरीको स्थापना गरि तरकारी फलफूल र डाले घाँसका विरुवा उत्पादन गरि कार्य पालिकाले तोकेको दर अनुसार कृषकलाई विक्री वितरण गरि यो वर्ष रु ५४,२७४।आम्दानी गरेको देखियो ।विरुवा उत्पादनको लागत तथा उत्पादनको विवरण,सोको विक्रीदर सभावाट अनुमोदन भएको नदेखिएकोले त्यसमा सुधार गरि पालिकाका कृषकको माग अनुसारको विरुवा उत्पादन तथा प्रभावकारी वितरणलाई प्रोत्साहन गर्नु पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

४९ **सहकारी नियमन** - सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १६वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । पालिकाले आफ्नो कार्यक्षेत्र भित्रका सहकारी सन्चालन सम्वन्धमा यो वर्ष कुनै उल्लेखनिय कार्य तथा अनुगमन समेत गरेको देखिएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था र उजुरी तथा गुनासो सम्बन्ध र अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गरि सहकारीको मर्म र मान्यता अनुसार सदस्यको सहभागिताको सुरक्षामा आश्वस्त गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५० **फोहर मैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ ।पालिकाले हालसम्म फोहर मैला व्यवस्थापनको लागि लेण्डफिल्ड साईडको क्षेत्र र जग्गा व्यवस्थापन तर्फ कुनै ध्यान दिएको पनि देखिएन । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । आवस्यक कानूनी व्यवस्था गरि फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५१ **मेशिनरी तथा एम्वुलेन्सको हिसाव** - गाउँपालिकाले जेसिवि र एम्बुलेन्स गत विगत देखि खरिद गरी प्रयोगमा ल्याएको छ । प्रयोगमा ल्याएको उल्लेखित जेसिवि र एम्बुलेन्सको कार्यालयले छुट्टैआम्दानी तथा खर्चको

हिसाब विवरण तयार गरेको छैन ।जेसिवि सन्चालन सम्वन्धमा कार्यपालिकाको २०७९।३।९ को निर्णयले ईन्धन सहित र रहित क्रमश रु३५००। र रु १६००। प्रतिघण्टा भाडा कायम गरेकोमा यो बर्ष जेसिविवाट कुनै आम्दानी गरेको देखिएन ।साथै जेसिवि र एम्बुलेन्सबाट निशुल्क प्रयोगमा ल्याउदा कहाँ कति परीमाणको कार्य गरेको अभिलेख राखेको पाईएन । लेखापरीक्षणमा सो सम्पत्तिको उपयोग सो बाट प्राप्त हुने राजस्वको विवरण पेश नभएकोले जेसिवि र एम्बुलेन्सको वर्षभरीको आम्दानी तथा खर्च एकिन गरी बिश्लेषण गर्न सकिएन । जेसिवि र एम्बुलेन्सको कार्यालयले छुट्टै आम्दानी तथा खर्चको हिसाब तयार गरी पेश गर्ने र भएका साधन श्रोतको अधिकतम उपयोग गरीनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५२ **कर तथा शुल्क असूली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३०० | ३२९ | १०९.६६ |
| घरजग्गा वहाल कर | २० | ७६ | ३८०. |
| व्यवसाय कर | ७०० | ८१ | ११.५७ |
| पूर्वाधार सेवा | ६२० | ८९६ | १४४.५१ |
| कृषि जन्य | २० | ५४ | २७०. |
| परीक्षा शुल्क | २० | ३९ | १९५ |
| प्रशासनि सेवा शुल्क | ५८५ | २८ | ४.७९ |
| सिफारिस दस्तुर | ६०० | ८५१ | १४१.८३ |
| व्यवसाय रजिष्ट्रेशन | १०० | १८३ | १८३ |
| बेरुजु | १०० | ० | ० |
| अन्य | १५८ | २३१ | १४६.२ |
| **जम्मा** | **३२२३** | **२७६८** | **८५.८८** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

५३ **मालपोत वक्यौता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ ।पालिकाले तोकेको मालपोत/ भूमिकर दर र असुली विवरण भिडान गर्दा निम्नानुसारको रकम असुल भएको नदेखिएकोले उक्त रकम असुल गरि दाखिला भएको प्रमाण पेश हुनु पर्ने रु......

| क.स | वडा नं | असुल हुनु पर्ने रकम रु |
|---|---|---|
| १ | १ | २९,२१५.०० |
| २ | २ | २६,५३०.०० |
| ३ | ३ | ३५,७१०.०० |
| ४ | ४ | ५६,७७५.०० |
| ५ | ५ | ४१,५२८.०० |
| ६ | ६ | ५६,४४०.०० |
| ७ | ७ | ५१,१७०.०० |
| | **जम्मा** | **२,९७,३६८.००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९७,३६८ |

५४ **राजस्व अभिलेख** - कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने र वार्षिक रुपमा प्रयोग गरेको तथा बाँकी रसिद आ.व.को अन्तमा फिर्ता गरी अभिलेख राखेको पाईयो । कार्यालयबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्नेमा त्यसको व्यवस्थापन गर्न सकेको देखिएन । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५५ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७४५७३ | २७६८ | ०.७४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा .७४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५६ **राजस्व असूली** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ र २८ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट र सो समयमा सम्भव नभए महालेखा नियन्त्रक कार्यालयको स्वीकृत म्याद भित्र प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने अन्यथा १० दिन ढिला भए १० प्रतिशत जरिवाना र त्यसपछि १० प्रतिशत जरिवानाका साथै विभागिय कारवाहि हुने व्यवस्था छ । पालिकाभित्रका ७ वडाहरुमध्ये नमुना छनौट गरी निम्नानुसारका वडाहरुको राजस्व असुली र दाखिला परीक्षण गर्दा असुली राजश्व दाखिलामा ढिलाई गरेता पनि पालिकाले कानूनको कार्यान्वयन गरेको छैन ।यसमा सवै वडाको राजश्व असुली दाखिला छानविन गरि सम्वद्ध असुली र दाखिला सम्वन्धमा ढिलाई गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई सुधार हुनु पर्दछ ।

| क सं | वडा नं | आय शिर्षक | अशुली मिति | दाखिला मिति | दाखिला रकम |
|---|---|---|---|---|---|
| १ | ५ | विभिन्न | २०७९।४।९देखि | २०८०।३।२२ | २,७१,५०१। |
| | | | २०८०।३।२१सम्मको | | |
| २ | ६ | विभिन्न | २०७९।१०।१७ देखि | २०८०।३।२२ | ४०६४०। |
| | | | २०८०।३।२१ सम्मको | | |
| ३ | ७ | विभिन्न | २०७९।१२।१९ देखि | २०८०।३।२२ | ४४.४२२। |
| | | | २०८०।३।१३ सम्मको | | |

सैद्धान्तिक बेरुजु

५७ **दाखिला छुट**

***..........(प्रारम्भिक प्रतिवेदन उपर असूल भई पेश भएको आधारमा मिति २०८०।११।१६ को निर्णयबाट रु.१७२८०।- सम्परीक्षण गरिएको ।)***

५८ **असूली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत बर्षमा बन्दोबस्त गरेको आन्तरिक आय ठेक्का सूचना नं ३१।०७७।७८ अतिथी गृह भवन वडा न १ लाई दरभाउ पत्रमार्फत वार्षिक रु ६५२००।मा टयन्द्र चापागाईलाई भाडामा लगाएकोमा आर्थिक बर्ष ०७९।८० को भाडा लेखापरीक्षण अवधिसम्म पनि दाखिला

भएको देखिएन ।२०७८।३।२ को संझौता अनुसार उक्त भाडा प्रत्येक बर्षको आषाढ मसान्त भित्र दाखिला गर्ने र दफा २ मा सो अनुसार नगरे मासिक १० प्रतिशत जरिवाना लाग्ने उल्लेख भएकोमा कार्यालयले पटक पटक पत्राचार गर्दापनि दाखिला गर्न अनुरोध गर्दा समेत रकम दाखिला नदेखिदा संझौताको व्यवस्था अनुसार जरिवाना सहित असुलगरि दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने रू......

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६५,२०० |

५९ **व्यवसाय कर अभिलेख** - पालिकाले आफ्नो कार्य क्षेत्र भित्रमा कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन।पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । पालिकाले पेश गरेको विवरण अनुसार पालिकामा २०८० आषाढ मसान्तसम्म ४६ व्यवसाय दर्ता देखिएकोमा नविकरण ११ भएको पाईयो। नविकरण नहुने व्यवसाय ३५ को लाग्ने शुल्क रु २४,५००। नविकरण नहुनुको कारण असुल हुन नसक्दा पालिकालाई रु २४,५००। रकम प्राप्त भएको नदेखिएकेले उक्त रकम असुल गरि अभिलेख अद्यावधिक गरि प्रमाण सहित पेश गर्नु पर्ने रु......

| | |
|---|---|
| असुल गर्नुपर्ने | २४,५०० |

६० **आयको अनुमान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.३२ लाख २३ हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२७ लाख ६८ अर्थात अनुमान भन्दा १४.१२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६१ **बढी भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमाली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको टोल विकास संस्थाहरुसंग सम्झौता गरी सडक मर्मत लगायतको कामको भुक्तानी गर्दा वास्तविक कार्यसम्पन्न भएको भन्दा वढी रकम भुक्तानी दिएको देखियो । मेशिन मार्फत काम गर्ने गरी लागत अनुमान तयार गरेको र टोल विकास संस्थाहरुले सोही वमोजिम निर्माण व्यवसायीको वीजक जारी गरी भुक्तानी लिएको छ । टोल विकास संस्थाहरुले जारी गरेको मेशिनको वीजक भन्दा वढी लागत अनुमानकै आधारमा कार्यसम्पन्न प्रतिवेदन पेश गरेको दखिन्छ । यसरी वास्तविक काम भन्दा वढी भुक्तानी भएको रकम सम्वन्धित टोल विकास संस्थाबाट असूल गरी दाखिला गर्नुपर्ने रु..

| टोल विकास संस्था | योजनाको नाम | भुक्तानी दिनुपर्ने | भुक्तानी दिएको | वढी भुक्तानी |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ढंगढंगे टोल विकास संस्था | अम्विका आधारभूत विधालय खेल मैदान विस्तार निर्माण | २८६१६३ | ३१५६०० | २९४३७ |
| लसुने टोल विकास संस्था | मोहन खरेलको घर आसपासबाट खोरिम्बाघाट जोड्ने मोटरबाटो | २७६६२८ | २८५००० | ८३७२ |
| | **जम्माः** | | | **३७८०९** |
| | | | असुल गर्नुपर्ने | ३७,८०९ |

६२ **हेभी मेशिनको प्रयोग** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| भौ.नं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग भएको हेवी उपकरण | हेवी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ८-२०७९।४।१६ | साव्लाखु-लिम्बुदिन-मेहेले-सुरुम्खिन सडक मर्मत उ.स. | सडक मर्मत | १७३८७२४ | एक्साभेटर | १७३८७२४ |
| १०-२०७९।४।१६ | साव्लाखु आङ्खोप सादेवा कालिखोला सडक मर्मत | सडक मर्मत | १७३७०२५ | एक्साभेटर | १७३७०२५ |
| ९५-२०८०।१।९ | सादेवा टोल विकास संस्था | मोटरबाटो स्तरोन्नती | ४९७२९६.९२ | एक्साभेटर | ४९७२९६.९२ |
| १६१-२०८०।३।२२ | थुङ्गरुम्वा टोल विकास संस्था | मोटरबाटो स्तरोन्नती | ८१३१६२.५७ | एक्साभेटर | ८१३१६२.५७ |
| १७०-२०८०।३।२३ | सादेवा टोल विकास संस्था | मोटरबाटो मर्मत | ९८७६११.३२ | एक्साभेटर | ९८७६११.३२ |

सैद्धान्तिक बेरुजु

६३ **एच पि एफ संगको साँझेदारी** - सन् २०१७ देखि नेपालमा अन्तराष्ट्रिय गैह्र सरकारी संस्थाको रुपमा दर्ता भई शैक्षिक क्षेत्रको सुधारमा काम गर्दै आएको डेनिस संस्था ह्यूमन प्राक्टिस फाउण्डेसनले ताप्लेजुङ्ग जिल्लास्थित स्थानीयतहमा रहेका छनौट भएका सामुदायीक विद्यालयहरुमा भौतिक निर्माण तथा शैक्षिक सुधार कार्यक्रम सञ्चालन गर्दै आएको देखियो । विद्यालय पूर्वाधार सुविधा सिंकाई सुधार परियोजना

ताप्लेजुङ्ग अन्तर्गत अन्तराष्ट्रिय गैह्र सरकारी संस्था ह्यूमन प्राक्टिस फाउण्डेसन र विद्यालय व्यवस्थापन समित/सिदिङवा गाउँपालिका विच भएको विद्यालय सहयोग सम्वन्धी सम्झौताको परियोजना बित्त व्यावस्थापन खण्डमा यो परियोजना सहलगानीमा हुने उल्लेख छ । त्यसै गरी सहलगानीमा हुने र परियोजनामा लगानी भएको रकम खर्च गर्दा नेपाल सरकारको खरिद कानून तथा कर सम्वन्धी कानूनको पालना हुनु पर्ने व्यहोरा उल्लेख छ । उक्त व्यहोरा उल्लेख भए तापनि व्यवस्थापन समितिले निर्माण सामग्री खरिद गर्दा आपूर्तिकर्ता सुचिकृत गरी विभिन्न खरिद विधीमा तोकिएको सीमा भन्दा बढीको निर्माण सामग्रीहरु सोझै खरिद गरेको र सीमा भन्दा वढीको, भुक्तानीमा मुल्य अभिबृद्धि कर समेत पुरै दिएको तथा सो को जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा नदिएको पाइयो । यसबाट सरकारलाई प्राप्त हुनुपर्ने मूल्य अभिबृद्धि कर दाखिला भएकोमा यकिन हुन सकिएन । त्यसै गरी सहलगानीमा निर्माण सम्पन्न भएका विद्यालयहरुको निर्माण कार्यको एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदन तयार नगरी सहलगानीको मात्रा अनुसार पालिकाको हिस्साको मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिएकोले अन्य सहलगानी कर्ताको लगानी समेतबाट निर्माण सम्पन्न भएको निर्माण कार्यको अभिलेख समेत नरहने अवस्था देखिएकोले यस सम्वन्धमा सम्वन्धित निकायले ध्यान दिनु पर्दछ । ह्यूमन प्राक्टिस फाउण्डेसन, विद्यालय व्यवस्थापन समित र सिदिङवा गाउँपालिका विच भएको त्रिपक्षिय सहलगानी सम्झौता अनुसार यसवर्ष पालिकावाट भएको भुक्तानीको विवरण निम्नानुसार देखियो ।
(यस संग सम्वन्धित विवरण अनुसूची ५ मा रहेको छ)

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ६३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

